# गोलबजार नगरपालिकाको नदीजन्य खनिज तथा खानीजन्य पदार्थ व्यवस्थित गर्ने कार्यविधि २०७७

## (पहिलो संशोधन–२०८२)

गोलबजार नगरपालिका, सिरहा

मधेश प्रदेश, नेपाल

# गोलबजार नगरपालिकाको नदीजन्य खनिज तथा खानीजन्य पदार्थ व्यवस्थित गर्ने कार्यविधि-२०८२

संसोधन प्रमाणिकरण मितिः २०८२/०९/२३

पृष्ठभूमिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ञ, १२, १३ अनुसार सम्बन्धित नगरपालिकालाई सम्बन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राख्नका साथै वातावरणीय जोखिम न्यूनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा तथा भूगर्भको उत्खनन्लाई व्यवस्थित गरी प्राकृतिक सम्पदाको समुचित प्रयोग गर्न गराउन आवश्यक भएकोले जुनसुकै प्रकारको उत्खनन्लाई यसै कार्यविधि बमोजिम गर्न गराउनका लागि यो जग्गाको माटो वा निर्माणजन्य अन्य खनिज पदार्थको, उत्खनन् ओसारपसार तथा विक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७६ बनाई लागू गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गोलबजार नगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यविधिको नाम 'निजी जग्गाको माटो वा निर्माण जन्य अन्य खनिज पदार्थको, उत्खनन् ओसार पसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि २०८२ रहेको छ।

ख. यो कार्यविधि गोलबजार नगरपालिका, नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

ग. यो कार्यविधि गोलबजार नगरपालिका भित्र रहेका निजी स्वामित्वको जग्गामा माटो, ग्राभेल वा निर्माणजन्य अन्य खनिज पदार्थको उत्खनन्का लागि आवश्यक पर्ने यान्त्रिक उपकरण समेतको प्रयोगबाट गरिने उत्खनन् कार्यका लागि लागु हुनेछ।

घ. यो कार्यविधि गोलबजार नगरपालिका क्षेत्र भित्र माटो, ग्राभेल,निर्माणजन्य वा खनिज पदार्थको भण्डार(स्टोक) गरी राख्न अनुमती तथा प्रमाणित गर्ने कार्यको लागि लागु हुनेछ।

### १.२ परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यालय" भन्नाले गोलबजार नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई जनाउने छ।

ख. "अनुगमन समिति" भन्नाले गोलबजार नगरपालिका को नगरस्तरीय अनुगमन समितिलाई जनाउनेछ।

ग. "नगरपालिका" भन्नाले गोलबजार नगरपालिका लाई जनाउनेछ।

घ. "निमर्माणजन्य खनिज पदार्थ" भन्नाले भूगर्भव वा भू-सतहमा रहेको माटो, ढुंगा, ग्राभेल, मिस्कट, बालुवा, गिट्टी र भारीट समेतलाई जनाउने छ।

ङ. "पदार्थ" भन्नाले जमिन उत्खनन्का क्रममा निस्कने सबै प्रकारका ठोस पदार्थलाई जनाउने छ।

च. "यान्त्रिक उपकरण" भन्नाले व्याकहो लोडर, एक्साभेटर, टिपर, ट्याक्टर समेतका साधनहरूलाई जनाउने छ।

छ. "भण्डार(स्टोक)" भन्नाले यस नगरपालिका क्षेत्र भित्र माटो, ग्राभेल,निर्माणजन्य वा खनिज पदार्थको भण्डारलाई जनाउने छ।

### १.३ कार्यविधिको आवश्यकता :

क. निजी स्वामित्वमा रहेको जग्गामा व्यवस्थित उत्खनन् गरी कृषि उत्पादन वद्धिमा सहयोग पुऱ्याउन।

ख. साधारण निमाणजन्य खनिज पदार्थको बजार अभाव घटाई निजी स्वामित्वको जग्गाबाट समेत गरी त्यस्ता पदार्थको बजार आपूर्ति सहज बनाउन।

ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ञ, १२, १३ एवं प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो, भरौट र भण्डार गरी राखिएको पदार्थमा समेत कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै राजश्व चुहाव हुनबाट रोक्न।

घ. नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न।

### १.४ कार्यविधिको उद्देश्य

क. निर्माणजन्य कच्चा पदार्थ र निमार्णजन्य अन्य खनिज पदार्थ स्थानीय रूपमा आपूर्ति गर्ने।

ख. निषेधित क्षेत्र र सरकारी तथा सार्वजनिक स्थलको गैरकानूनी उत्खनन्लाई नियन्त्रण गर्ने।

ग. उत्खनन् कार्यलाई व्यवस्थित र वैज्ञानिक बनाउने।

घ. उत्खनन्का क्रममा र उत्खनन् पश्चात आउन सक्ने सानातिना स्थानीय विवाद घटाउने।

ङ. निजी स्वामित्वमा रहेको जग्गालाई खेतियोग्य बनाउन सहयोग पुऱ्याउने।

च. निजी जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अकी प्रकारको उत्पादन प्रणालीमा जान चाहने कृषकलाई सहजीकरण गर्ने।

छ. अव्यवस्थित उत्खनन्बाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई उत्खनन् पूर्व आंकलन गरी नकारात्मक प्रभाव घटाउने क्रियाकलाप सहित उत्खनन्कार्य व्यवस्थित गर्ने।

ज. नदिजन्य तथा खनिजजन्य पदार्थको व्यवस्थित भण्डार गर्ने।

### १.५ कार्यविधि लागू हुने क्षेत्रः

यो कार्यविधि गोलबजार नगरपालिकामा रहेको निजी स्वामित्वको तथा सार्वजनिक जग्गामा यान्त्रीक उपकरणको प्रयोग समेत बाट पदार्थ उत्खनन् तथा सो पदार्थको भण्डार/व्यवस्थापन गरिने कार्यका लागि मात्र लागू हुनेछ।

## परिच्छेद २

### २.१ अनुमति लिनु पर्नेः

गोलबजार नगरपालिका क्षेत्र भित्र रहेका जुनसुकै जग्गा धनिले यान्त्रिक उपकरणको प्रयोग गरी जग्गा सम्याउन, उत्खनन् तथा नदीजन्य पदार्थ भण्डार/व्यवस्थापनको कार्य गर्दा/गराउँदा गोलबजार नगरपालिका कार्यालयबाट अनुमति लिनु पर्नेछ।

क. जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी निर्माणजन्य पदार्थ उत्खनन् गरि बिक्री बितरण गर्ने कार्य।
ख. जमीन सम्याउने वा खेतियोग्य बनाउने कार्य।
ग. माछा पोखरी निमार्ण गर्ने कार्य।
घ. उत्खनन्‌बाट निस्कने साधारण निर्माणजन्य खनिज पदार्थ एक स्थान बाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य।
ङ. निर्माणजन्य, नदीजन्य तथा खनिज पदार्थ भण्डार गर्ने कार्य।
च. इटा निर्माण कार्य। तर हाते औजारको प्रयोग गरी कृषकले आफ्नो स्वामित्वमा रहेको जग्गा गर्ने उद्देश्य नराखी निश्चित स्थान सम्म लैजानका लागि अनुमति लिई रहनु पर्ने छैन।

### २.२ अनुमति माग गर्ने विधिः

क. अनुमति माग गर्ने निवेदकले देहायको कागजात सहित अनुसूची २ बमोजिको ढाँचामा नगर कार्यपालिका कार्यालयमा निवेदन दिनु पर्ने छ।
ख. जग्गा धनि प्रमाण पूर्जीको प्रतिलिपि
ग. नेपाली नागरिकताको प्रतिलिपि (फर्म कम्पनी भएमा दर्ता कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि)
घ. सम्बन्धित वडाबाट चारकिल्ला खुलेको सिफारिस पत्र
ङ. मालपोत र सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि
च. जग्गाको कित्ता नम्वर खुलेको नाप नक्साको प्रतिलिपि
छ. माछा पोखरी निमार्ण र जग्गा सम्याउने हकमा, कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा, सो को सिफारिस पत्र।
ज. उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनिको सहमति।
झ. खानीबाट ग्राभेल/ माटो उत्खनन् गरि बिक्री वितरण गर्नेको हकमा प्रारम्भिक वातारवरणीय परीक्षणको कार्य सूची (TOR)
ञ. नदीजन्य, निर्माणजन्य तथा खनिजजन्य पदार्थ भण्डार अनुमतिको लागि निवेदन, जग्गाको जग्गाधनी प्रमाणपत्र, नागरिकता प्रतिलिपि, जग्गा सम्झौता पत्र र भण्डार/स्टोक प्रमाणितको लागि उत्खनन् गर्दा जारी भएको रसिद, ईत्यादी।

## परिच्छेद ३

### ३.१ अनुमति प्रदान गर्नेः

क. परिच्छेद २ को २.२ बमोजिम रित पुर्वकको निवेदन प्राप्त भएपछि कार्यालयले देहाय बमोजिको कार्यविधि पूरा गरी कागजात पूरा भएको मितिले ७ दिन भित्र अनुमति दिन सक्ने छ।
ख. निवेदन उपर छानविन तथा जग्गाधनिको सनाखत गर्ने।
ग. जग्गा सम्याउन वा खेती योग्य जग्गा बनाउन हेभी सवारी साधन प्रयोग गर्नुपरे अनुमति दस्तुर तिरी लिनु पर्नेछ। तर जग्गा सम्याउँदा अधिक भएको माटो/ग्राभेल दुई हजार घनमिटरसम्म अन्यत्र ओसारपसार तथा बिक्री वितरण गर्नु परेमा नियमानुसारको दस्तुर थप तिर्नु पर्नेछ।

घ. खानी सञ्चालन अनुमतिकोलागी प्रारम्भिक प्रकिया अगाडी बढाउनु पूर्व सामाजिक तथा वातावरणीय पक्षको अनुसूचि १ बमोजिमको ढाचामा स्थलगत रूपमा लेखाजोखा गर्ने । यसरी गरिएको लेखाजोखाबाट सम्भाव्य देखिएमा मात्र अनुमतिका लागि थप कारवाही अगाडि बढाउनु पर्ने छ ।

ङ. निजी जग्गाबाट गाभ्रेल उत्खनन् गरि बिक्री वितरण गर्ने प्रयोजनका लागि तयार गरिएको प्रारम्भिक वातारवरणीय परीक्षण (IEE) को कार्यसूची (TOR) प्राबिधिक सहितको तोकिएको समितिको सिफारिसमा नगर कार्यपालिकाले स्वीकृत गर्नेछ ।

च. यसरी प्रारम्भिक वातारवरणीय परीक्षण (IEE) को कार्यसूची (TOR) स्विकृत्ति भए पश्चात उत्खनन्कर्ताले स्विकृत कार्यसूचीका आधारमा प्रारम्भिक वातारवरणीय परीक्षण (IEE) प्रतिबेदन कार्यालयमा पेश गर्नु पर्नेछ र तोकिएको समितिको सिफारिसमा सो प्रतिबेदन नगर कार्यपालिकाले स्विकृत गर्नेछ । यसरी पेश गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन दुई वर्षको लागि मात्र मान्य हुने छ ।

छ. प्राविधिक कर्मचारीबाट उत्खनन् हुने निमार्णजन्य खनिज पदार्थको परिमाण र ओसार पसार हुने परिमाणको एकिन गर्ने ।

ज. उत्खनन् गर्दा निस्कने पदार्थहरूको कुल परिमाण मध्ये तत्काल उत्खनन् गर्ने निमार्णजन्य खनिज पदार्थको परिमाण एकिन गरी आर्थिक ऐन अनुसार तोकेको दरमा नगरपालिकामा राजश्व बुझाउने ।

झ. राजश्व दाखिला भई सकेपछि उत्खनन् गर्ने यान्त्रिक उपकरणको विवरण र ओसार पसारमा संलग्न गरिने सवारी साधनको विवरण लिई उत्खनन् तथा ओसार पसार गर्न लाग्ने अवधि एकिन गरी कार्यलयले अनुमति दिन सक्नेछ । अनुमति दिदाँ खानीको हकमा स्वीकृत IEE मा उल्लेखित गहिराई र जग्गा सम्याउने हकमा प्राविधिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको गहिराईसम्म उत्खनन् गर्न अनुमति दिन सकिने छ ।

ञ. यसरी अनुमति प्राप्त गरेको परिमाण उत्खनन् गरिसके पश्चात प्राविधिक रूपमा थप उत्खनन् सम्भव देखिएमा निवेदकको मागको आधारमा तोकिएको राजस्व बुझाई पुनः अनुमति नविकरण गरी दिन सकिने छ ।

ट. नदीजन्य, निर्माणजन्य तथा खनिजजन्य पदार्थको भण्डारको अनुमति तथा प्रमाणित गर्नुपर्दा आर्थिक ऐन अनुसारको राजस्व बुझाई भण्डार गर्न सकिने छ ।

ठ. उत्खनन्कर्ताले राजस्व बुझाई सके पछि कुनै कारणवश उत्खनन् गर्न नसकेमा राजस्व फिर्ता हुने छैन ।

### म्याद थप गर्न सकिने :

पहिलो पटक निश्चित अवधि तोकी उत्खनन् तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्य सम्पादन हुन नसकेको खण्डमा प्राविधिक प्रतिवेदनको आधार र अनुमतीकर्ताबाट माग भएमा कारण मुनासिव भए आर्थिक ऐन अनुसार राजस्व लिई अनुमति पत्र नविकरण गरी बाँकी रहेको कार्य सम्पादन गर्न लाग्ने अवधिका लागि कार्यालयले म्याद थप गर्न सक्नेछ । तर ,सो अवधीमा स्वीकृत IEE को म्याद भएको हुनुपर्नेछ ।

### ३.३ विवरण हेरफेर गर्न सकिनेः

उत्खनन् तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकारण साधनको विवरण उचित कारण सहित हेरफेर वा थप गर्न माग भएमा औचित्यका आधारमा मुनासिव देखिए कार्यालयले थप राजस्व लिई हेरफेर वा थप  गर्न सक्नेछ ।

# परिच्छेद ४

## ४.१ राजश्व तथा शुल्क सम्बन्धी व्यवस्था निम्न अनुसार हुनेछ।

क. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो भरौट आदिको उत्खनन् तथा संकलन आर्थिक ऐनमा शुल्क तोकिए बमोजिम हुनेछ।

ख. ट्र्याक्टर दर्ता शुल्क रू १०००/- लाग्ने छ।

ग. टिपर (६ चके) दर्ता शुल्क रू २०००/- लाग्नेछ।

घ. टिपर (१०चके) दर्ता शुल्क रू २५००/- लाग्नेछ।

ङ. टिपर (१६ चके) दर्ता शुल्क रू ३०००/- लाग्नेछ।

च. ट्र्याक्टरमा बकेट जडान भएको दर्ता शुल्क रु. ३५००/- लाग्नेछ।

छ. जे.सि.बि. दर्ता शुल्क रू ५०००/- लाग्नेछ।

ज. स्काईभेटर दर्ता शुल्क रू ७५००/- लाग्नेछ।

झ. माथि उल्लेखित बाहेक थप भारी यन्त्र प्रयोग गर्नुपरेमा राजस्व परामर्श समितको निर्णयानुसार शुल्क लाग्नेछ।

ञ. पोखरी निर्माण गर्दा उत्खनन् भएको माटोले डिल बनाउँदा प्रति कठ्ठा रु. ५०००।– तर माटो अन्यत्र बिक्री वितरण गर्दा माटो भए प्रति घनमिटर रु.७५।– र ग्राभेल भए प्रति घनमिटर रु. १५०।– लाग्नेछ।

ट. खेत सम्याउँदा उत्खनन् भएको माटोले खेतमै प्रयोग गर्दा प्रति कठ्ठा रु. १५००।– तर माटो अन्यत्र बिक्री वितरण गर्दा माटो भए प्रति घनमिटर रु.७५।– र ग्राभेल भए प्रति घनमिटर रु. १५०।– लाग्नेछ।

ठ. खानी सञ्चालन अनुमति तथा नविकरणको लागि लाग्ने शुल्क गोलबजार नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

ड. नदीजन्य, निर्माणजन्य तथा खनिजजन्य पदार्थको लागि भण्डार नापजाँच गर्दा प्राविधिक खर्च वापत रु. ५०००।– नगदै उपलब्ध गराउनु पर्नेछ र भण्डार वापतको राजस्व गोलबजार नगरपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

ढ. माथि जे उल्लेख भएतापनि गोलबजार नगरपालिकाको आर्थिक ऐनमा सो शिर्षकमा दररेट उल्लेख भएमा सोही बमोजिम हुनेछ।

## ४.२ उत्खनन्का लागि शर्त तथा मापदण्डहरू उत्खनन्का लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन् गर्दा देहाय बमोजिमका शर्त तथा मापदण्डहरू पालना गर्नु पर्नेछ।

क. उत्खनन् अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्नेछ।

ख. माछा पोखरी निमार्णको हकमा बढीमा ८ फिटसम्म गहिराईमा उत्खनन् गर्नु पर्नेछ।

ग. जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन् गर्नु पर्नेछ।

घ. डाँडा मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उच्च भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन् गर्नु पर्नेछ।

ङ. ग्रेग्रान, गिट्टी, बालुवा हटाई जमिन सुधार गर्न वा खेतियोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लघंन गरी खाडल पुर्नु पर्ने भए माटोको ब्यवस्था समेत सम्बन्धीत पक्षले गर्नु पर्नेछ।

च. उत्खनन् कार्य विहान सुर्योदय देखि सुर्यास्त मात्र गर्नु पर्नेछ।

### ४.३ अनुमति दिन नसकिने देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन –

क. नदीजन्य पदार्थ उत्खनन् गर्न निषेध भएको क्षेत्र ।

ख. जिल्ला वन, जिल्ला समन्वय समति तथा नगर अनुगमन समितिको सिफारिसमा नगरपालिकाको निर्णयबाट निषेध गरेको क्षेत्र ।

ग. सरकारी ऐलानी प्रति जग्गा, वन क्षेत्र, धार्मिक तथा सामरिक महत्वको क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रहि भोगाधिकार मात्र प्राप्त भएको जग्गा । तर सार्वजनिक निर्माण कार्यकालागि नगरपालिकाले कुनै सार्वजनिक जग्गाको चार किल्ला तोकि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरि गराई उत्खनन् गर्न गराउन सक्नेछ ।

घ. जुन जग्गामा प्रस्तावित उत्खनन्ले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राबिधिक प्रतिबेदन औल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

ङ. कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

### ४.४ ओसार पसार गर्दी पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरूः

अनुमति लिई उत्खननबाट निस्केको पदार्थहरू अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएका रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दी देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

क. उत्खनन् स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरूको उत्खनन्कर्ताले कानूनले तोकेको नमुनाको पटके बिकी आदेश र बिजक सगै जारी गर्नु पर्नेछ । सो को तोकिएको ढाँचाको खातामा राखि पटके बिक्री आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरीज तयार गरी कार्य सम्पन्न हुने वित्तिकै नगरपालिकामा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात नगरपालिका बाट नमुना लिई उत्खनन्कर्तीले आफै छपाई गर्नु पर्नेछ ।

ख. उत्खनन् स्थलबाट पदार्थ ओसार पसार गर्दा विहान सूर्योदय देखि सूर्यास्त सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

ग. उत्खनन् भएको पदार्थ ढुवानी गर्ने सवारी, साधनहरूमा २.२५ घनमिटर सम्मको ट्र्याक्टर र १६ घनमिटर सम्मको ट्रक र टिपर गाडी मात्रको प्रयोग गर्न पाउनेछ ।

घ. पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

ङ. पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्नेछ र राजमार्ग बाहेक भित्री सडकमा सवारीको गति समेत ४० कि.मी. प्रतिघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ ।

च. ओसार पसार गर्ने भित्री बाटोहरूमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खनन्कर्तीले नै गर्नु पर्ने छ ।

छ. स्थानीय नागरिकहरूबाट भएका उत्खनन् तथा ओसार पसार सम्बन्धमा कुनै गुनासो राखेमा सो को व्यवस्थापन उत्खनन्कर्तीले नै गर्नु पर्नेछ ।

ज. उत्खनन् स्थलमा तोकिएको विवरण सहितको सूचनापाटी राख्नु पर्नेछ ।

झ. सडकको भार बहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्नु पर्नेछ ।

ञ. ओसार पसारकालागि लोड भएको सवारी गन्तव्यमा नपुगुन्जेल सडक किनारामा रोकी राख्न पाइने छैन ।

## परिच्छेद ५

### ५.१ शर्त उल्लघन गर्ने उपरको कारबाही हुने उत्खनन् संकलन र ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाइएमा त्यस्तो उत्खनन्कर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ।

क. तोकिएको स्थानमा बाहेक अन्यत्र उत्खनन् गरेमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजश्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन् गरेको स्थलको खाडल पुर्नु पर्ने छ।

ख. स्वीकृत भएको परिमाण र गहिराई भन्दा बढी उत्खनन् गरेमा बढी उत्खनन् गरेको तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजश्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन् गरेको स्थलको खाडल पुर्नुपर्नेछ।

ग. अनुमतिमा तोकिएका साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसार पसार गरेमा उत्खननकर्ता तथा ओसारपसार कर्तालाई प्रदान गरिएको अनुमति पत्र तत्कालै खारेज गरिनेछ।

घ. कार्यविधि विपरीत अवैध रूपमा माटो तथा अन्य निर्माण जन्य खनिज (नदीजन्य समेत) पदार्थ उत्खनन् तथा ओसार पसार गरेको पाइएमा आर्थिक ऐन अनुसार जरिवाना गरिने छ।

ङ. पटके जरिवाना जरिवानाको दोब्बर रकम लिइने छ।

## परिच्छेद ६

### ६.१ अनुगमन/निरीक्षण तथा प्राविधिक समिति सम्बन्धी व्यवस्थाः

यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन/निरिक्षण तथा प्राविधिक कार्य गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ।

क. नगरपालिकाबाट गरिने अनुगमनः नगर उप-प्रमुख संयोजक रहेको देहाय बमोजिमको नगर अनुगमन समितिबाट जुनसुकै बेला उत्खनन् तथा ओसारपसार कार्यको अनुगमन गर्नसकिने छ। यो अनुगमनबाट भएको निर्देशन कार्यालय र उत्खनन्कर्ता र ओसार पसार गर्ने पक्षले पालना गर्नु पर्नेछ।

संयोजक - नगर उप प्रमुख
सदस्य - प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी
सदस्य – प्रसशास शाखा प्रमुख
सदस्य - ईन्जिनियर, योजना शाखा
सदस्य – जिन्सी शाखा प्रमुख
सदस्य सचिव - राजस्व शाखा, प्रमुख
आमन्त्रीत सदस्य - उत्खनन् क्षेत्रको वडा अध्यक्ष
आमन्त्रीत प्राविधिक सदस्य– अ.सब–ईन्जिनियर/ सब–ईन्जिनियर

ख. यस कार्यविधि अनुसार कार्य गर्नको लागि देहाय बमोजिमको प्राविधिक समिति हुनेछ।

संयोजक - प्रसशास शाखा प्रमुख
सदस्य – ईन्जिनियर, योजना शाखा
सदस्य – जिन्सी शाखा प्रमुख

प्राविधिक सदस्य– अ.सब–ईन्जिनियर/ सब–ईन्जिनियर

सदस्य सचिव - राजस्व शाखा, प्रमुख

ग. कार्यालयबाट गरिने अनुगमनः

अनुमति प्रदान गरी सकेपछि कार्यालयले तोकेको कर्मचारी सहितको टोली बनाई उक्त टोलीबाट कार्य प्रारम्भ गर्न लाइन दिने अवस्थामा, कार्य प्रारम्भ भई सकेपछि बीच बीचमा र कार्य सम्पन्न भई सकेपछि अनुगमन गर्नु पर्नेछ । यसरी गरिएको अनुगमन प्रतिवेदन कार्यर्यालयमा पेश गर्ने दायित्व सम्बन्धित अनुगमन गर्ने कर्मचारीको हुनेछ ।

घ. जिल्लाबाट गरिने अनुगमनः

उत्खनन् तथा ओसार पसार कार्यको समितिले अनुमतिका शर्त पालना भए नभएको अनुगमन गर्ने छ । यसरी अनुमति प्रदान भै सके पछि जिल्ला स्तरीय अनुगमन अनुगमन गर्दी शर्त उलंघन भएको उल्लघनकती र उल्लघनमा संलग्न सवारी साधनलाई समेत नियन्त्रणमा लिई कार्यालय समक्ष पेश गर्न सक्नेछ ।

## परिच्छेद ७

### ७.१ विविध धरौटी सम्बन्धी व्यवस्था

#### ७.१.१ धरौटी राख्नु पर्नेः

अनुमति प्रदान गर्नु पूर्व अनुमानित परिमाण बराबर हुने राजस्वको बैंक ग्यारेन्टी वा नगद धरौटी माग गर्ने पक्षबाट शर्त उल्लघंन गर्न सक्ने हुनाले धरौटी स्वरूप राख्नु पर्नेछ ।

#### ७.१.२ धरौटीबाट असुलउपर गर्न सक्नेः

यस कार्यविधि बमोजिम अनुमति प्रदान गरिएको कुनै कार्यमा अनुमति प्राप्तकर्ता कारवाहीमा परी निर्धारित थप रकम नबुझाएमा वा निजले भर्नु पर्ने कुनै दायित्व पुरा नगरेमा धरौटी रकमबाट असुल उपर गरिनेछ ।

#### ७.१.३ धरौटी फिर्ता सम्बन्धी व्यवस्थाः

अनुमति बमोजिमको उत्खनन् तथा ओसार पसार गर्ने कार्य सम्पादन भए पछि निजको कुनै दायित्व नभएमा ३५ दिन भित्र धरौटी राखेको रकम कार्यर्यालयले फिर्ता दिनेछ ।

### ७.२ निर्देशन पालना गर्नु पर्नेः

उत्खनन् तथा ओसार पसार कार्यको अनुमति प्राप्त व्यक्ति संस्थाले प्राप्त गरेको अनुमति पत्रमा जुन सुकै शर्त उल्लेख भएको भए तापनि कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

### ७.३ प्रदेश कानून वमोजिम हुने उत्खनन् तथा ओसारपसार कार्य सम्बन्धमा प्रदेश कानून निर्माण भई सोही बमोजिम हुनेछ ।

## अनुसूचि–१

मितिः ..............................

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
सिरहा।

स्थलगत रूपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी ग्राभेल माटो उत्खनन गर्ने माछा पोखरी निमार्ण गर्ने/ इटा उद्योग सञ्चालन गर्ने/ जग्गा सम्माई खेतीयोग्य बनाउने कार्यका लागि प्रारम्भिक चरणमा सम्बन्धित प्राविधिक कर्मचारीबाट स्थलगत रूपमा गरीएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन।

१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रूपमा गरिएको सत्य तथ्य प्रमाणीकरण।

(क) निवेदक जग्गा धनीको नाम थरः........................................................................................ सम्पर्क मोबाईल नं. :................................................................

(ख) ठेगाना गोलबजार नगरपालिका वाड नं............ टोल................................

(ग) ग्राभेल माटो उत्खनन माछा पोखरी निर्माण इट्टा उद्योग सञ्चालन स्थलको ठेगाना..............................

(घ) प्रस्तावित जग्गाको कि.नं............................... क्षेत्रफल ...............................

(ङ) वडा कार्यालय वडा नं..........चलानी नम्बर......... र पत्रको सिफारिस मिति...............................

(च) ग्राभेल माटो उत्खनन/ माछा पोखरी बनाउने र जमिन सम्याउने उत्खनन गर्नु पर्नेको कारण ( निवेदकको भनाई) .......................................................................................................................

(छ) ग्राभेल माटो उत्खनन् माछा पोखरी बनाउन र जमिन सम्याउने र उत्खनन गर्नु पनीको कारणः प्राविधिक कर्मचारीको भनाइ).........................................................................................................

(ज) उल्लेखित विवरण मैले सम्बन्धित कार्य स्थलमा मै गई सत्य तथ्य बुझि पछिसम्म फरक नपर्ने गरी तयार गरेको छु भनि सहि गर्ने कर्मचारीको नाम थर...................................................................... पदः............................................... दस्तखतः.................................. मितिः.................

(झ) प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(अ) प्रस्तावित स्थानको क्षेत्रफल :....................................कुल लम्बाइ............................... चौडाई..............................उचाई...............................

(आ) उत्खनन्गर्दा निस्कने सबै पदार्थको कुल परिमाण ..........................................................

(इ) निमार्ण स्थलबाट हटाउनु पर्ने वा बाहिर निकासी गर्नु पर्ने पदार्थको कुल परिमाण .........................

(ई) हटाउनु पर्ने परिमाणको विवरण ग्रभेल....................... मिस्कट............................... बालुवा..............................अन्य..............................

(ञ) दैनिक ओसार पसार हुने कुल परिमाण ..........................................................................

(ट) ओसारपसार गरी लैजाने स्थान..........................................................................

(ठ) उत्खनन् गर्न प्रयोग गरिने यन्त्र औजार............................... गाडी संख्या..............................

(ड) बोकी लैजाने सवारी साधनहरू गाडी नं. ................................

(ढ) स्व उपयोगबाट बँचेको पदार्थ हटाई लैजान लाग्ने अवधि.................................

(ण) उत्खनन् कार्य सम्पन्न हुने प्रस्तावित मिति.......................................................

(त) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने मित्ति .............................................................

(थ) उल्लेखित सबै विवरण नगरपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नाप जाँच गरी भरेका हुन भनि सहि गर्ने निवेदक जग्गा धनिको नाम थर.................................. ................ मिति............................ दस्तखत ..........................

(द) उल्लेखित सबै विवरणहरू मैले सम्बन्धित स्थलमा नै जग्गा धनिको रोहवरमा तयार गरेको हो सबै विवरणहरू सहि सत्य छन भनि सहि गर्ने कर्मचारीको नाम थर...................................................... दस्तखतः.............................. मितिः...............................

(ध) उत्खनन् भै निस्कने पदार्थहरू ओसार पसार गरी लैजाने स्थानीय सहायक मार्गको नामः ..........................................................................

(न) उक्त मार्ग वरि परि बस्ने स्थानीय वासीको प्रतिक्रिया.................................................

(ऩ) ओसार पसारका क्रममा पर्न सक्ने वातावणीय असरहरूः ...................................................

(प) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरू ।

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

(फ) प्रस्तावित पोखरी निमार्ण स्थल कुनै सांस्कृतिक पुरातात्विक वा अन्य संरक्षित क्षेत्र वा निषेधीत क्षेत्र पर्ने वा नपर्ने कुरा ( पर्ने भए के कस्तो हो उल्लेख गर्ने)

..........................................................................

..........................................................................

(ब) स्थलगत अध्ययन गरी सबै विवरणहरू ठिक भएकाले कर्मचारीको नाम थरः गर्न अनुमति दिन उपयुर्कत छ भनि सहि गर्नेको नामः ...............................................................

पदः

दस्तखतः

मितिः

(भ) प्राविधिक प्रमुखको राय स्थलगत अध्ययन विवरण र प्राविधिक नाप जाँचका आधारमा.........................................भएकोले सिफारिस गर्दछु । अनुमति दिन मनासिव प्राविधिक

प्रमुखको

नाम थर: ....................................................................

दस्तखत ....................................................................

मिति: ....................................................................

छाप

(म) राजश्व शाखाको राजश्व निर्धारण

राजश्व बुझाएको विवरण नगरपालिकाको नगदी रसिद नं................. मा मितिः............................ दाखिला भएको देखिन्छ ।

दस्तखत...............................

मितिः

(य) स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गर्ने प्रयोजनका लागि उत्खनन् गर्न स्वीकृति दिने अधिकारीको

नामः ....................................................................

पदः ....................................................................

दस्तखतः...............................................

# अनुसूचि २

(निजी जग्गामा उत्खनन्का लागि नगर कार्यपालिकाको कार्यालयमा दिने निवेदनको ढाँचा)

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय सिरहा।

विषय निजी जग्गा मा उत्खनन् गर्न पाउँ।

गोलबजार नगरपालिकाको वडा नं. .................. (साविक गा.वि.स..................., वडा नं.............)को कित्ता नं.................................क्षेत्रफल............................मा यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन् गर्ने अनुमति पाउन सादर अनुरोध गर्दछु। उत्खनन् बाट निस्कने पदार्थहरू अन्यन्त्र ओसार पसार गर्ने / नगर्ने भएकोले नियम दस्तुर लिई अनुमति पाउन उनुरोध गर्दछु। आबश्यक प्रमाणहरू निम्नानुसार रहेको छ।

**तपशिल**

१. फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी
२. पान वा मु.अ.कर दती प्रमाण पत्रको प्रतिलिपी
३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
४. उत्खनन् गर्ने जग्गाको धनि प्रमाण पूजाको प्रतिलिपि
५. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि
६. सम्बन्धित वडाबाट चारकिल्ला खुलेको सिफारिस पत्र
७. मालपोत तिरेको रसिदको प्रतिलिपि
८. जग्गाको कित्ता नम्वर खुलेको नाप नक्साको प्रतिलिपि
९. माछा पोखरी निमार्ण र खेत सम्याउनेको हकमा, कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा, सो निकायको सिफारिस पत्र।
१०. उत्खनन् गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनिको सहमति।
११. ग्राभेल/माटो उत्खनन् गरि बिक्री वितरण गर्नेको हकमा प्रारम्भिक वातारवरणीय परीक्षण (IEE) को कार्य सूची (TOR)।

निवेदकको
नाम :
ठेगानाः
दस्तखतः
फर्म भएमा छाप :
मिति
मोबाईल फोन नं